**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७५।०७६ सालको निर्णय नं. ५
पुनरावेदन नं. ०७४-RB-००७३
<u>मुद्दाः- आयकर (२०७०/०७१)।</u>

श्री शिवशक्ति दाल मिल प्रा.लि. जीतपुर बारा (स्थायी लेखा नं. ३०३९२५३९२) को तर्फबाट अख्तियार प्राप्त शेयरधनी राहुल कुमार अग्रवाल..........................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १
श्रीमान् महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ.............१ } प्रत्यर्थी

शुरु निर्णय मितिः- २०७३/११/०५/
निर्णय गर्ने पदाधिकारीः- प्रमुख कर प्रशासक शोभाकान्त पौडेल

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता श्री शिवशक्ति दाल मिल प्रा.लि.ले आ.व. २०७०/०७१ को आय विवरण सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार उद्योगको रू. १,१०,६६,८९८।६२ करयोग्य नोक्सानी देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२/०९/२९ मा विवरण पेश गरेको रहेछ ।

२. उक्त आ.व. को लागि यस कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आ.व. २०७०।७१ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कट्टि गर्न नपाइने खर्च दावी भएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि उद्योग तर्फ रु. १,००,९१,२०८।६२ संशोधित करयोग्य नोक्सानी कायम गर्नु पर्ने भएकोले उल्लेखित बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१(६) बमोजिम मिति २०७३।१०।१० मा करदाताको नाममा सूचना जारी गरिएको रहेछ ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।१०।१० मा जारी भएको सूचना करदाताले मिति २०७३/१०/२० मा बुझी लिएको ।

४. करदाताले मिति २०७३/१०/२० मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/११/०४ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०७०/०७१ को लागि रु. १,००,९१,२०८।६२ संशोधित करयोग्य नोक्सानी कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/११/०५/ मा खडा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/११/०५ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री शिवशक्ति दाल मिल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/१२/१७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. आयकर ऐन २०५८ को दफा ११४ उपदफा ८ बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णयको सूचना निवेदकलाई नदिएमा निवेदकले निवेदन अस्विकार भएको मानी सोही ऐनको दफा ११६ बमोजिम राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गर्न जाने व्यहोराको जानकारी मिति २०७५।१।९ मा आन्तरिक राजस्व विभागमा दिएको निवेदनबाट देखिन्छ । राजस्व न्यायाधिकरण, काठमाडौंबाट पुनरावेदनको कानूनी कारवाही अगाडि बढाउने भएकाले आयकर ऐन २०५८ को दफा ११५ (८) बमोजिम जानकारी गराएको र दफा ११५(९) बमोजिम विभागले त्यस्तो निवेदन दर्ता मितिमा सो निवेदन अस्विकार गर्ने निर्णय गरेको हुँदा सो व्यक्तिलाई सो निर्णयको सूचना मानिने व्यवस्था भएकोले प्रशासकीय पुनरावलोकनका लागि परेको उक्त निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन भन्ने व्यहोराको आन्तरिक राजस्व विभागको मिति २०७५/०१/१० को टिप्पणी/आदेश निर्णय ।

८. विपक्षीबाट भएको पस्तुत संशोधित कर निर्धारण सूचना, आदेश र महानिर्देशकज्यूको मानी आएको निर्णय समेतलाई बदर गरी हाम्रो प्रस्तुत पुनरावेदन र स्वंयकर निर्धारण आय विवरण अनुसार हुनुपर्ने गरी फैसला गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/०७/०५ मा पुनरावेदन पत्र दर्ता भएको ।

९. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/२/०४/६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. आज सुनुवाईका लागि पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक शिवशक्ति दाल मिल प्रा.लि. का तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विनोद कुमार उपाध्याय तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल श्री अन्चन भट्टराईको बहस सुनियो ।बहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु एवं सरकारी वकिलबाट देहाय बमोजिम जिकिर प्रस्तुत गर्नुभयो ।

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्धान अधिवक्तद्वयबाट प्रस्तुत बहस जिकिरहरु | प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्धान वकिलबाट प्रस्तुत बहस जिकिरहरु |
|---|---|

| | |
|---|---|
| –उद्योग संचालन पूर्व भएका खर्चहरु मात्र पूँजीकृत गरिएको छ,<br><br>– आयकर ऐन २०५८ को दफा २१(३)(२)(घ) अनुसार पूँजीगत प्रकृतिका खर्च भएको हुँदा सोही अनुसार पुनरावेदकको लेखा र आय विवरण मान्य हुन पर्छ,<br><br>Commissioning and Installation खर्च Preliminary Expenses भएकाले Accounting Principle अनुसार पूँजीकृत नै हुने प्रावधान छ,<br><br>तसर्थ, आयकर ऐन र प्रचलित लेखा सिद्धान्त अनुसार व्यवसाय संचालन पूर्व सम्पत्ति खरीद तथा स्थापना सम्बद्ध खर्चहरु पूँजीकृत हुने भएकाले प्रत्यर्थीको निर्णय बदर भागी छ । | –कम्पनी संचालनमा आइसकेको अवस्थामा सबै खर्च पूँजीकृत हुन सक्दैनन्,<br><br>– सामान्य (Reveuve) प्रकृतिका खर्चहरु उद्योग संचालनका लागी भएका हुन,<br><br>– पूँजीकृत नहुने ज्याला, एवं भ्रमण खर्च समेत पूँजीकरण गरिएको छ,<br><br>– प्रत्यर्थीले गरेको निर्णय कानून सम्मत भएको हुँदा शुरु सदर हुनुपर्छ । |

११. पुनरावेदक कम्पनीका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय हुनुपर्ने देखिन आयोः –

(क) सम्पत्ति समूह ‘ख’ र ‘घ’ मा लेखांकन गरिएको खर्च व्यवसायको कट्टि हुने खर्च हो वा सम्पति समूहमा गणना हुने खर्च हो ?

(ख) मर्मत सुधार खर्च बढी दावी गरेको हो वा होइन ?

(ग) नोक्सानी रकम परिवर्तन भई घटि कायम हुने हो वा होइन ?

१२. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरु मध्ये प्रथम प्रश्नको सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गरी पुनरावेदन जिकिरका बुँदागत दावी अनुसार हेर्दा उद्योग संचालनमा आउनु भन्दा पहिले सम्पत्ति खरीदसँग सम्बन्धित पुँजीगत खर्च (Capital Expenses) मानेर सम्पत्तिमा गणना गरी बार्षिक रुपमा ह्रास खर्च कट्टि गर्ने वा Revenue Expenes मानी सम्बन्धित शिर्षकमा खर्च कट्टि दावी गर्ने भन्ने मूल प्रश्न निरुपण हुनुपर्ने देखिन्छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय लेखामान तथा नेपाल

लेखामानको प्रकरण १६ 'ख' ले सम्पत्तिलाई संचालन योग्य अवस्थामा ल्याउन लागेका प्रत्यक्ष खर्चहरु सोही सम्पत्तिमा पूँजीकृत गर्नुपर्ने भनी उल्लेख भएको देखिन्छ । यस अनुसार सम्पत्ति खरीद गरी संयन्त्र जडान गर्दासम्मका सोसँग सम्बन्धित सबै खर्चहरु सोही सम्पत्तिको मूल्यमा समावेश हुन पर्ने देखिन आयो । त्यसैगरी आयकर ऐन २०५८ को दफा २१ को उपदफा ३ खण्ड (२)(घ) मा "पूँजीगत प्रकृतिको खर्च" भन्नाले देहाय बमोजिमको खर्च सम्झिनु पर्छ भनी उल्लेख भएको पाइन्छ ।

(१) प्राकृतिक श्रोतको सम्भाव्यता अध्ययन, अन्वेषण र विकासका सम्बन्धमा लागेको खर्च, (२) १२ महिना भन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पति प्राप्त गर्दा लागेको खर्च, र (३) दायित्वको निसर्ग गर्दा लागेको खर्च ।

पुनरावेदकले उद्योग स्थापना गर्न प्राप्त गरेका सम्पत्तिहरुको लागत मूल्यांकन गर्दा १२ महिना भन्दा बढी लाभप्रद आयु भएको मिल मेसिनरी समेतका सम्पत्ति प्राप्त गर्दा लागेको खर्च भएको देखिंदा उल्लेखित कानूनी व्यवस्था अनुसार पनि उद्योग संचालन पूर्व सम्पत्ति प्राप्त गर्दा लागेको सम्पूर्ण खर्चहरु सम्बन्धित सम्पत्ति समूहमा समूहिकृत गर्नुपर्ने देखिन आउँछ ।

१३. Pool (B) मा भएका सम्पत्तिहरु १२ महिना भन्दा बढी लाभप्रद आयु भएका सम्पत्ति भएकाले र खरीद गरिएका सम्पत्तिमा सो सम्पत्तिको मूल्य र सो प्राप्त तथा जडान गर्दा भएका ज्याला एवं व्याज जस्ता खर्च पूँजीकृत गरिएको हुँदा प्रचलित लेखामान र आयकर ऐन, २०५८ को दफा २१ को उपदफा ३ खण्ड २(घ) बमोजिम पुंजीकृत गर्न पाउने नै देखिंदा पूँजीकृत गर्न नमिल्ने भनी प्रत्यर्थीले कार्यालयले गरेको निर्णय कानूनसम्मत मान्न मिल्ने देखिएन ।

१४. Pool (D) मा पूँजीकृत गरेको सम्बन्धमा सम्पत्तिहरु खरीद गर्ने क्रममा भएका र सम्पत्ति प्राप्त भएपछि Commissioning and Installtion गर्दाको लागत पूँजीकृत गरेको प्रचलित लेखामान र माथि उल्लेखित कानूनी व्यवस्थाका आधारमा सम्बन्धित सम्पत्ति समूहमा समावेश हुन पर्ने खर्च भएको देखिंदा प्रत्यर्थी कार्यालयबाट भएको निर्णयसँग सहमत हुन सकिएन ।

१५. अब दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सम्पत्ति समूह 'ख' र 'घ' को सम्पत्तिको लागत मूल्यबाट केही खर्चहरु घटाएपछि हुने ह्रास आधार मूल्यबाट मर्मत सुधार खर्चको गणना गर्दा मर्मत सुधार खर्च बढी दावी गरेको प्रत्यर्थी कार्यालयको निर्णय पर्चा र कर परीक्षण प्रतिवेदनबाट देखिन्छ । पुनरावेदकको सम्पत्ति समूह 'ख' र 'घ'

मा समावेश भएका सम्पत्ति खरीद र जडानसँग सम्बन्धित खर्चहरु सोही सम्बन्धित सम्पत्ति समूहको मूल्यमा समावेश हुने विवेचना माथि भई सकेको छ । प्रत्यर्थी कार्यालयबाट विवाद झिकिएका खर्च रकमहरु सम्बन्धित सम्पत्ति समूहमा कायम रहने ठहर भएपछि सो सम्पत्तिको ह्रास आधार मूल्य पुनरावेदकको लेखा अनुसार हुने ठहर्छ । सम्पत्ति समूहको मूल्य परिवर्तन नभएपछि सो सम्पत्तिको ह्रास आधार मूल्यबाट मर्मत सुधार खर्च गणना गर्दा पुनरावेदकले दावी गरेको मर्मत सुधार खर्च फरक पर्ने वा बढी दावी गरेको भन्ने अवस्था नदेखिने हुँदा शुरु निर्णयसँग सहमत हुन सकिएन ।

१६. तेस्रो प्रश्न नोक्सानी रकम परिवर्तन हुने हो वा होइन ? भन्ने सम्बन्धमा विचार गर्दा माथी उल्लेखित प्रश्नहरुको विवेचनाबाट प्रत्यर्थी कार्यालयले पुनरावेदक करदाताको हिसाव समायोजन गर्नुपर्नेमा विवाद देखिन आएन । प्रत्यर्थी कार्यालयले हिसाव समायोजन गरेपछि यथार्थ नोक्सानी कायम हुने हुँदा थप विवेचना गरीरहन पर्ने देखिएन ।

१७. तसर्थ, विवेचित आधार कारणबाट स्थायी लेखा नं. ३०३९२५३९२ भएका पुनरावेदक करदाता श्री शिवशक्ति दाल मिल प्रा.लि.को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा उद्योग संचालन पुर्व प्लान्ट एण्ड मेशिनरी खरिद र स्थापना गर्दा लागेको व्याज, भ्रमण एवं ज्याला लगायत अन्य खर्च सम्पति समूहबाट हटाउने र मर्मत खर्च कट्टी अमान्य गरेको शुरू ठूला करदाता कार्यालयको मिति २०७३।११।०५ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ । अरू तपसिल बमोजिम गर्नु ।

## <u>तपशिल</u>

१८. माथी ठहर खण्डमा उल्लेख भएबमोजिम पुनरावेदक करदाता श्री शिवशक्ति दाल मिल प्रा.लि.को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा उद्योग संचालन पुर्व प्लान्ट एण्ड मेशिनरी खरिद र स्थापना गर्दा लागेको व्याज, भ्रमण एवं ज्याला लगायत अन्य खर्च सम्पति समूहबाट हटाउने र मर्मत खर्च कट्टी अमान्य गरेको शुरू ठूला करदाता कार्यालयको मिति २०७३।११।०५ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहरेकोले करदाताले पुनरावेदन गर्दा राखेको धरौटी रकम हिसाव गरी अर्को बर्षको कर रकममा समायोजन गरिदिनु वा नियमानुसार फिर्ता दिलाईदिनु भनी लेखि पठाईदिनु ।

१९. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिई, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री सीता अधिकारी

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल असोज ०७ गतेरोज १ शुभम......